म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१८ सोमबार ५ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 18 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सूर्यमुखी खेतीमा क्षति

हेटौंडा, ४ चैत/मकवानपुरगढी गाउँपालिकाको धमिले फाँटमा लगाइएको सूर्यमुखी खेतीमा हावाहुरीले क्षति पुर्‍याएको छ । मकवानपुरगढी-३, स्थित धमिले फाँटमा परीक्षणका लागि लगाइएको सूर्यमुखी हावाले ढालेको हो ।

ढकमक्क फूलेर मनमोहक बनेको सूर्यमुखी सामान्य हावाले सोत्तर बनाएपछि किसान चिन्तामा परेका छन् । बाबियोडाँडा निवासी कृषक गोकर्ण पराजुलीले ४ कठ्ठा क्षेत्रफलमा लगाएको सूर्यमुखी खेती हावाहुरीलेले क्षति गरेपछि उनी चिन्तामा परेका हुन् ।

बिरुवाको तुलनामा फूल ठुलो भएकाले सामान्य हावाले पनि आधाबढी फूल ढालेको उनले बताए । सामान्य हावाले आधा बढी खेतीमा असर पुगेको उनको भनाई छ । 'ढकमक्क फूलेको सूर्यमुखी सोत्तर भयो,' उनले भने, 'सूर्यमुखी फूल फूलेपछि यहाँ हेर्न आउने, भिडियो बनाउन र फोटो खिच्न आउनेको लर्को लागेको थियो, फूल हेर्दा आफैंलाई पनि आनन्द हुन्थ्यो, सोत्तर हुँदा मेहनत खेर गएको छ ।'

# सहाराले बनायो ६ सय बचतकर्ताको बिल्लीबाठ, करोडौं उठाएर सञ्चालक फरार

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/हेटौंडा उपमहानगरपालिका-२, मानसचोकमा छ, 'सहारा किस्ताबन्दी कार्यक्रम' को संस्थागत कार्यालय । यसले २०५८ सालदेखि नागरिकलाई सहारा दिने सपना देखाएर सेवा सुरु गरेको थियो ।

तर, २०८० सालमा आएर सहारा नाम गरेको संस्थाले करिब ६ सय जना बचतकर्ताको बिल्लीबाठ बनाएको आरोप लागेको छ । सहाराले नाम अनुसारको काम नगरे पछि ६ सय बचतकर्ता न्यायको ढोका ढकढकाउन बाध्य बनेका छन् । हेटौंडा उपमहानगरपालिकाको प्रारम्भिक सोधपुछका आधारमा करोडौं बचत रकम हिनामिना गरेर संस्थाका सञ्चालक दम्पती फरार भएका छन् । सहाराको सञ्चालक हेटौंडा-८, कमाने घर भएका सरोज थापा र बिना पौडेल दम्पतीको अत्तोपत्तो नभएपछि यहाँका ५ जना कर्मचारी सहित सयौं बचतकर्ता तनावमा छन् ।



सञ्चालक दम्पती गत आइतबारदेखि बेपत्ता भएको पीडित बचतकर्ताले बताएका छन् । कार्यालय बन्द भएपछि सञ्चालक फरार भएको आशंकामा बचतकर्ताको आइतबार संस्थाको कार्यालय बाहिर भिड लागेको थियो । सहारा किस्ताबन्दी कार्यक्रम संस्थामा नगर क्षेत्रका स्थानीयले ५० हजार रुपैयाँदेखि २० लाख रुपैयाँसम्म बचत गरेको खुलेको छ । बचतकर्ताले दिएको जानकारीअनुसार २ करोड भन्दा माथि रकम हिनामिना भएको हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेलले बताए । संस्थाको व्यवसाय दर्ता उपमहानगरपालिकामा नरहेको उनले बताए । जिल्ला प्रशासन कार्यालयमा पनि दर्ता भेटिएको छैन ।

सुरुवातमा गैरसरकारी संस्थाको रुपमा काम गरेको सहारा किस्ताबन्दी कार्यक्रमले पछिल्ला वर्ष बचतकर्ताको रकम संकलन गर्ने र घरायसी सामान किस्ताबन्दीमा उपलब्ध गराउँदै आएको थियो । बचत संकलक कर्मचारी अनिता महतका अनुसार करिब ६ सय जनाले नियमित बचत गर्दै आएका थिए । सञ्चालक थापाले हरेक सामानको ३० प्रतिशत अग्रिम भुक्तानी लिएर ७० प्रतिशत रकम किस्ताबन्दीमा घरायसी सामान उपलब्ध गराउँदै आएका थिए । किस्तामा सामान दिए वापत थापाले निश्चित मुनाफा राख्ने गरेको महत बताउँछिन् ।

संस्थाको नाममा चार जनाले घरघर वा पसलमा पुगेर नियमित बचत रकम संकलन गर्दै आएका थिए । बचत रकमको हर हिसाब थापा दम्पतीले नै राख्ने गरेको महतले बताइन् । 'आइतबार अफिस बन्द भएपछि उहाँहरुको खोजी गरेको हो । अहिलेसम्म कहाँ छन् ? भनेर थाहा पाएका छैनौं । सरोज र बिनाले छोरीलाई घरमै छोडेर छोरो लिएर हिँडेको थाहा पायौं,' कर्मचारी महतले भनिन्, 'घरमा गएर उनका बाबुसँग कुरा गर्दा घरमा नरहेको बताउनुभयो । दुवै जनाको मोबाइल अफ छ । घरमा पनि उहाँहरुको राम्रो व्यवहार नभएको थाहा पायौं ।'

सञ्चालक थापा दम्पती फरार भएकाले कर्मचारीमाथि तनाव भएको र आफूसहित कर्मचारीको कुनै संलग्नता नरहेको महतले दाबी गरेकी छन् । १५ वर्षदेखि संस्थामा जागिर खाएको बताउँदै उनले भनिन्, 'यति लामो समयसम्म काम गर्दा उनीहरुको गलत मनसाय बुझेका थिएनौं । अहिले एक्कासी सोच्दैनसोचेको घटना घटेको छ । दोष हामीमाथि लगाइएको छ । हाम्रो कुनै दोष छैन । हामीले बचत ल्याइदिने काम मात्रै गरेको हो,' महतसहित कर्मचारी सीता पौडेल, गंगा अधिकारी, अनिता तामाङ श्रेष्ठ र केवल थापाले ३० फागुनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सञ्चालक थापा दम्पती खोजी गर्दिन निवेदन दिएका छन् ।

सञ्चालक सम्पर्कविहीन भएको र कार्यालय पनि नखुलेकाले बचतकर्ताबाट अप्ठेरो परिस्थिति परेको भन्दै उनीहरुले निवेदन दिएका हुन् । प्रशासनले ३० फागुनमै जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई सञ्चालक थापा दम्पती खोजी गरी उपस्थित गराउन पत्र लेखेको छ । बचतकर्ताले भने आइतबारसम्म सम्बन्धित निकायमा उजुरी दर्ता गराएका छैनन् ।

हेटौंडा-२, वनसखण्डी बस्ने अम्बिका गोतामेले ८ लाख बचत रकम जोखिममा परेपछि घरमा ६ दिनदेखि राम्रोसँग बस्न नसकेको सुनाइन् । सिलाईकटाईको काम गर्दै आएकी उनले दुई छोरी, बाबु र आफ्नो नाममा ५ वटा पास बुक बनाएर बचत गर्दै आएको बताइन् । ७ वर्ष बढी समयदेखि आफूले रकम बचत गर्दै आएकी गोतामे यस्तो दिन आउँछ भनेर कल्पनासमेत गर्न नसकेको बताएकी छन् । 'म पढेको मान्छे हैन । सञ्चालकलाई पनि चिन्दिन । काम गर्ने केटीहरु आएर राम्रो हुन्छ भनेपछि संधै बचत गरेको हुँ । अहिले यस्तो हुँदा मलाई मर्नु र बाँच्नु भएको छ । रातभर निदाउन सकेको छैन,' उनले भनिन् ।

# आगलागी पीडितलाई उपमहानगरको सहयोग

निशा गुरुङ/प्रतिक्षा न्यौपाने

हेटौंडा, ४ चैत/डढेलोका कारण घर गुमाएको परिवारलाई भेट्न हेटौंडा उपमहानगरका नगर प्रमुख मीनाकुमारी लामा गाउँमै पुगेकी छन् ।

उपमहानगर क्षेत्रमा रहेपनि भौगोलिक हिसाबले निकै बिकट रहेको हेटौंडा-१८ सुकौंरामा नगरप्रमुख राहत सामग्री लिएर पुगेकी हुन् । शनिवार दिउँसो घर नजिकैको पाखो डाँडामा लागेको डढेलोका कारण गोठमा सल्केको र पछि घरमा सल्कदा सुकौंरामा बसोबास गर्दै आएका मदनकुमार तामाङ बलको घरगोठ नष्ट भएको थियो । चार सन्तानका बाबु रहेका तामाङ एक छोरा सहित गोठालो गएको र उनको श्रीमती मेलामा गएको समयमा लागेको आगोले उनको घरगोठ सहित खाद्यान्न र लत्ताकपडा जलेर नष्ट भएको थियो ।



घरमा कोही नभएको र गोठमा बस्तुभाउ नभएका कारण ठुलो क्षेती हुन पाएन आइतबार घरमै पुगेकी नगरप्रमुख लामालाई उनले सुनाए । परिवारको कुनै सदस्य घरमा थिएनौं, गाउँलेले निभाउने प्रयास गरेपनि नसकेको उनले बताए । एकरात जलेको घर ननिकै रहेको छिमेकीको घरमा सहारा लिएर बसेको भन्दै गाउँसम्म समस्या बुझ्न आएकोमा उनले धन्यवाद दिए । पीडितको घरमा पुगेकी नगप्रमुख लामाले घर निर्माणको लागि नगप्रहरीले सहयोग गर्ने बताउँदै अहिलेका लागि दैनिक गुजाराको र बसोबासका लागि आवश्यक सामग्री ल्याएको र अन्य सहयोग आवश्यक भए उपमहानगरले सम्बोधन गर्ने बताइन् ।

उपमहानगरबाट सिरक, डस्ना, खाद्यान्न, आवश्यक भाडाकुडा, त्रिपालसहित राहतसामग्री पीडित तामाङको परिवारलाई हस्तान्तरण गरिएको छ । यस्तै घर निर्माणका लागि जस्तापाता पनि दिइएको उपमहानगरपालिकाले जनाएको छ । जस्ताको घर निर्माणका लागि उपमहानगरले नगर प्रहरीलाई परिचालन गरेको छ । हस्तान्तरण कार्यक्रममा जिल्ला सदस्य विष्णु थपलिया, हेटौंडा-१८ का कार्यवाहक अध्यक्ष युवराज खतिवडा, उपमहानगर वातावरण शाखाका केशव देवकोटालगायतको उपस्थिति रहेको थियो ।

# आँखा शिविरमा साढे ४ सय जनाले लिए सेवा

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/मनहरी गाउँपालिकाको विभिन्न वडामा आँखा शिविर कार्यक्रम सञ्चालन भइरहेको छ । शिवर शनिवार वडा नम्बर २ मा र आइतबार ८ नम्बर वडामा सञ्चालन भएको हो ।

मनहरी गाउँपालिकाको आयोजना र हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन भएको स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहालले जानकारी दिए । शनिबार वडा नम्बर २ मा आयोजित शिविरमा २ सय ३३ जनाले सेवा लिएका थिए । सेवा लिएकामध्ये २४ जनामा मोतिविन्दु देखापरेको थियो । यस्तै वडा नम्बर ८ मा आयोजित शिविरमा



२ सय ३१ जनाले सेवा लिएको प्रमुख दाहालले जानकारी दिए । उनीहरुमध्ये १५ जनामा मोतिविन्दु देखापरेको उनको भनाई छ ।

मोतिविन्दुको समस्या भएकालाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिने दाहालले जानकारी दिएका छन् । 'यही चैत ६ गते वडा नम्बर २ का २४ जनाको र चैत ७ गते वडा नम्बर ८ का १५ जनाको शल्यक्रियाका लागि अस्पताल लैजाने तयारी गरिएको छ,' दाहालले भने । आगामी दिनमा सबै वडामा शिविर सञ्चालन गरिने उनको भनाई छ ।

# पदमपोखरी अस्पतालालाई स्वास्थ्य सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/हेटौंडा उपमहानगरले हेटौंडा-१३ का स्थानीयलाई आकस्मिक उपचारका लागि सञ्चालन गरेको पदमपखरी अस्पतालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

उपमहानगरले गत पुषबाट सेवा सुरु गरेको ५ बेडको अस्पतालका लागि आवश्यक रहेको प्रयोगशाला सञ्चालनका लागि आवश्यक सामग्री आइतबार हस्तान्तरण गरेको हो । चितवनको भरतपुरमा रहेको मेडिका इन्टरप्राइजेजले अस्पतालका लागि आवश्यक रहेको हेमाटोलोजी, प्रोटिन अटो एनालाईजर सहित प्रयोगशाला मेसिन र रिजेन्ट सहितको सामग्री हस्तान्तरण गरको हो ।

इन्टरप्राइजेजका सञ्चालक शिब हमालले ८ लाख रुपैयाँ बराबरको सामग्री हेटौंडा उपमहानगर प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीलाई हस्तान्तरण गरेका हुन् । उपमहानगरले आवश्यक सामग्री अस्पताललाई पठाइसकेको जनाएको छ । चिकित्सकको सुबिधा सहित गाउँमै उपचारसेवा प्रदान गर्नका लागि उपमहानगरले १३ र १६ नम्बर वडामा पालिकास्तरको अस्पताल सञ्चालन गरेको हो ।

# डढेलो नियन्त्रणसम्बन्धी सचेतना र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/वनजंगलाई डढेलोबाट बचाउ भन्ने नाराकासाथ चौघडामा सचेतनामूलक र्‍यालीको आयोजना गरिएको छ । डिभिजन वन कार्यालय, मकवानपुर र सवडिभिजन वन कार्यालय, हेटौंडाको संयुक्त आयोजनामा सचेतनामूकल र्‍याली गरिएको हो ।

र्‍याली चौघडा बजारबाट सुरु भएर हटिया चिसापानी चोकसम्म पुगेर सभामा परिणत भएको थियो । कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख राकेशप्रसाद चद्रबंशीले वनलाई डढेलोबाट बचाउन सबैको साथ र सहयोग आवश्यक रहेको बताए । देशको अमूल्य सम्पतिको डढेलोबाट बचाई भावी



सन्ततिलाई उपहार दिनुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, सव डिभिजन वन कार्यालय, हेटौंडाकी अधिकृत सविना रिजाल, फरेष्टर यदुकुमार घिमिरे, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, चित्रेपानी सामुदायिक वनका अध्यक्ष सूर्यबहादुर घलान, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्कीलगायतले वन डढेलो नियन्त्रण गर्न सबै एकजुट हुनु पर्ने बताए ।

# युवा संघ नगर कमिटी अध्यक्षमा काफ्ले




साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/नेकपा एमालेको भातृसंगठन राष्ट्रिय युवा संघ नेपाल हेटौंडा उपमहानगर कमिटीको अनिल काफ्लेको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भएको छ ।

युवा भेलाले काफ्लेको नेतृत्वमा ४५ सदस्यीय नगर कार्यसमिति घोषणा गरेको छ । उपाध्यक्षमा गोविन्द नेगी, सचिवमा अर्जुनप्रसाद दुलाल, उपसचिवमा सचिन राई र मनीषा राई तथा कोषाध्यक्षमा बिज्ञान नेपाल चयन भएका छन् । राष्ट्रिय युवा संघ हेटौंडा उपमहानगर कमिटीका निवर्तमान अध्यक्ष एवम् मकवानपुर संयोजक राजेश नगरकोटीको सभाध्यक्षता तथा राष्ट्रिय युवा संघ केन्द्रीय कमिटी उपाध्यक्ष महाराज गुरुङको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

नेकपा एमाले मक्वानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय कमिटी लेखाआयोग संयोजक सन्तोष चौलागाईं, राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज लक्ष्मण उप्रेतीलगायतको आतिथ्यता रहेको थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# खानेपानी पुग्दा रम्ने गाउँ

खानेपानीको धारा घर अगाडि देख्न पाउँदा खुशी भएका गाउँलेको कथा र सरकार बनाउने, लडाउने फेरि बनाउने, फेरि लडाउने खेलमा रमाउनेबीच फरक छ । स्वच्छ पिउने पानी उपभोग गर्न पाउने नैसर्गिक अधिकार हो । त्यही अधिकार पाउँदा खुशीले नाच्ने समाज र सत्ता हत्याउनका लागि कुनै कसर बाँकी नराख्ने फोहरी राजनीतिमा रमाउनेबीच धेरै अन्तर छ । थाहा नगरपालिका-१२ को दुर्गम गाउँ सलमपुरमा वर्षौंपछि खानेपानी पुग्दा गाउँले रमाएका छन् । संघीय वा प्रादेशिक सरकार परिवर्तन गर्न पाउँदा वा आफू सत्तामा पुग्न पाउँदा रमाउने खेल पनि जारी छ । यो लोकतन्त्रमा सबै जायज पनि छ । सलमपुर गाउँका १७ परिवारको घर आँगनमै खानेपानी आइपुगेपछि उनीहरु खुशी बनेका छन् । कुवाको पानी बाँडिचुँडी उपभोग गर्दै आएको सलमपुरबासीको दैनिकी यतिबेला फेरिएको छ । पानीका लागि थाप्लोमा नाम्लो लगाउनु नपर्ने भएको छ ।

थाहा नगरपालिकासँगको साँझेदारीमा च्वाइस नेपालको आर्थिक तथा प्राविधिक सहयोग र समुदायको सक्रियतामा घरैपिच्छे खानेपानीको धारा पुगेपछि स्थानीयको खुशीको सीमा नै छैन । सलमपुर गाउँमा पाताले खोलाको पानी लिफ्टिङ गरेर पुऱ्याइएको हो । गैरसरकारी संस्थाले स्थानीय सरकार र उपभोक्तासँगको सहकार्यमा योगाउँमा खानेपानी उपलब्ध भएपछि गाउँ छोड्ने मनस्थितिमा पुगका स्थानीय पनि अब गाउँमै बस्न तयार भएका छन् । खानेपानीको अभावका कारण थाकथलो छोडेर सुबिधा खोज्दै बसाईं सर्नेको लर्को छ नेपालमा । तर, सत्तासमिकरणमा जोडघटाउ गर्दा गर्दा फुर्सदै नपाउने सरकार पनि नेपालमै छ । २ वटा पम्प प्रयोग गरेर तीन किलोमिटर माथि पानी पुऱ्याए पछि थाहा नगर पालिकाको सलमपुरमा देखिएको खुशियालीबाट सत्ताधारीले केही कुरा सिक्नु पर्ने थियो । गाउँको सिरानमा १८ हजार लिटरको पानी ट्याङ्की रिर्जभका लागि बनाइएको छ र घरैपिच्छे १७ वटा धारा निर्माण भएको छ । यो योजनाका लागि ३६ लाख ४२ हजार रुपैयाँ लगानी भएको च्वाइस नेपालले जानकारी दिएको छ । गाग्रीमा पानी बोकेरै परिवारको पुस्ता बिते, घरैमा धारो खोलेर यसरी पानी खान पाउँदा गाउँलेको खुशीको सीमा नै रहेन । सँधै पानीको हाहाकार हुने भएपछि गाउँमा युवा छैनन् । उनीहरु एकबाली मकै लगाएर श्रम गर्न काठमाडौं वा धादिङको महादेवबेशी पुग्ने गरेका छन् । यहाँका युवा उमेरका महादेवबेशीमा गिट्टी कुट्ने काम गर्दै आएका छन् । धादिङको दामेचौरबाट थाक्रे गाउँपालिकाको ५ नम्बर वडाको सडक छिचोल्दै जानुपर्ने सलमपुरमा कच्ची सडक पुगिसकेको छ ।

थाक्रे गाउँपालिकाले बनाएको सडकसँग जोडेर थाहा नगर पालिकाले सलमपुरमा सडक पुऱ्याएको हो । सलमपुरको उत्पादन बजार सम्म पुऱ्याउन सडक जोडिएको हो । परिबारका अभिभावक पानी लिन पाताले खोला जानुपर्ने बाध्यताले छोराछोरी स्कूल भोकभोकै आउने गरेको अवस्था स्थानीय शिक्षकले सुनाएका छन् । ३ कक्षासम्म सलमपुरमा पढेका बालबालिका ४ कक्षा पढ्न धादिङको आदर्श मावि पुग्नुपर्छ । जिल्ला बाहिर गएर माध्यमिक तहको अध्ययन गर्नुपर्ने बाध्यता कायमै छ सलमपुरमा । खानेपानी नागरिकको मौलिक अधिकार हो । नगरभित्रका खानेपानी आयोजनालाई नगर खानेपानी व्यवस्थापन बोर्डमार्फत् एकीकृतरुपमा सेवा पुऱ्याउने नगरपालिकाको धारणा छ । थाहानगरको धेरै स्थानमा लिफ्ट प्रणालीका खानेपानी आयोजनाले प्राथमिकता पाएपनि विद्युत महसुलका कारण उपभोक्ताले विद्युत महशुल तिर्न समस्या देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत ६ गते मंगलबार १९ मार्च २०२४ । दशमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:११, सूर्यास्त ६:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : इष्ट सिद्धि |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : मित्रबर्गबाट धोका |
| **मिथुन** | : ऋृण नाश | **धनु** | : सम्पत्ति सम्बन्धी विवाद |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# समाजवाद कि सन्तुलित पुँजीवाद ?



✍ केशव खतिवडा

समाज विकासका क्रममा सामन्तवादको पतनसँगै पुँजीवादी व्यवस्थाको प्रारम्भ भयो । मध्य युगको अन्त्यतिर नरम 'प्रोटो-इन्डस्ट्रिअलाइजेसन' क्रान्तिले स्वतन्त्र बजारलाई जन्म दियो तर वाष्प शक्तिको विकाससँगै १८औं शताब्दीको अन्त्यतिर पुँजीवाद देखापऱ्यो । कपडा उद्योगका माध्यमबाट पुँजीवादले सुरुमा आफ्नो विकास गऱ्यो ।

सन् १८२० लाई औद्योगिक क्रान्तिको प्रस्थान बिन्दु मानिन्छ । यही बिन्दुबाट पुँजीवादको भ्रुणको विकास भयो । सामान्य अर्थमा 'पुँजी' शब्दले वित्तीय स्रोत र सोसँग सम्बन्धित क्रियाकलापलाई जनाउँछ भने 'वाद'ले बृहत् जीवनशैली वा प्रणालीलाई जनाउँछ । 'पुँजीवाद' भन्नाले स्वतन्त्रपूर्वक पुँजीको उपयोग गर्ने बृहत् जीवनशैली वा प्रणाली भनी बुझ्नुपर्छ । निजी सम्पत्तिको स्वतन्त्रपूर्वक प्रयोग गर्न पाउने अधिकार नै पुँजीवादको जग हो ।

अर्थशास्त्री एडम स्मिथ पुँजीवादका प्रणेता हुन् भने जोन लक यसका विकासकर्ता र व्याख्याता हुन् । पहिलो औद्योगिक क्रान्ति (वाष्प इन्जिनको विकास), दोस्रो औद्योगिक क्रान्ति (रेडियो, टेलिभिजन, दूरसञ्चार, तेलबाट चल्ने इन्जिन), तेस्रो औद्योगिक क्रान्ति (सूचना प्रविधि, नविकरणीय ऊर्जा) र चौथो औद्योगिक क्रान्ति (इन्टरनेटमा आधारित कृत्रिम बौद्धिकता) सम्मको अवस्थामा आइपुग्दा पुँजीवादले उदारवाद र नवउदारवादका रूपमा आफूलाई विकास गरि सकेको छ ।

पुँजीवाद भन्नाले मूलत: आर्थिक प्रणाली वा आर्थिक रूपलाई जनाउँछ तर आधुनिक विश्व प्रणाली अनुसार पुँजीवाद भन्नाले लोकतन्त्र, निजी स्वामित्व र प्रतिस्पर्धामा आधारित उद्यमशील अर्थव्यवस्था वा अर्थशास्त्र हो । सन् १९३० को आर्थिक महामन्दीले परम्परागत पुँजीवादलाई घुँडा टेकायो । विश्व पुँजीवादी अर्थ-व्यवस्थामाथि गम्भीर सङ्कट सिर्जना भयोह जसलाई किन्सियन थ्यौरीले पुनरुत्थान गर्दै जीवनदान प्रदान गऱ्यो । सन् २००८ मा खासगरी अमेरिकामा देखापरेको सब प्राइम सङ्कट नामक मन्दीबाट सेन्टियागो सहमतिले उद्धार गऱ्यो । सन् २०२० मा कोभिड १९ का कारणले देखापरेको मन्दी समेत क्रमश: पुनरुत्थानतर्फ अघि बढिरहेको छ । पुँजीवादको नयाँ संस्करणका रूपमा उदारवाद र नवउदारवादको विकास भइरहेको छ । जुन सिद्धान्तलाई विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले विश्वव्यापी बनाइरहेका छन् ।

उदारवाद भन्नाले मूलत: बजारको प्रधानतालाई जनाउँछ । 'सेन्टियागो सहमति'पछि वा समकालीन विश्वमा राज्य र बजारको समानान्तर अस्तित्व र आपसी अन्तर्क्रियाबाट अर्थराजनीतिको स्वरूप निर्धारण हुने गरेको पाइन्छ । त्यस कारण राज्य र बजारबिचको अन्तर्क्रियाले सिर्जना गरेको विवादलाई अर्थराजनीतिका माध्यमबाट समाधान गरिँदै आइएको छ । प्रख्यात अर्थशास्त्री जोसेफ सुम्पिटरले भनेजस्तै पुँजीवादमा लचकदार र सिर्जनशील गुण भएका कारण पुँजीवाद रूपान्तरण हुन्छ र दीर्घजीवन हासिल गर्छ । किनकि इन्नोभेटिभ र उद्यमशील गुण पुँजीवादको आत्मा बनेको छ । उनले प्रविधि र प्रयोगमा नयाँपनको सिर्जना र पुरानाको अवसान हुन्छ भनी सिर्जनात्मक विघटनको सिद्धान्तमा उल्लेख गरेका छन् । नभन्दै पुँजीवादले जतिपटक सङ्कटको सामना गरेको छ, त्यसपश्चात् झन् नयाँ सिद्धान्तका साथ झन् परिष्कृत भएर विकसित हुँदै आएको छ ।

**समाजवाद**

मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्रसम्बन्धी अवधारणाह यसअन्तर्गत रहेका द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी सिद्धान्तह अतिरिक्त मूल्यको सिद्धान्त र वर्गीय अधिनायकत्वको सिद्धान्तको कुल जोड नै समाजवाद वा मार्क्सवाद हो । सन् १८४८ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्र र क्रमश: सन् १८६७, १८८५ र १८९४ मा प्रकाशित पुँजीको पहिलो, दोस्रो र तेस्रो खण्डले शास्त्रीय मार्क्सवादको विस्तृत व्याख्या गरेको छ ।

मार्क्सका अनुसार समाजवाद भनेको अन्तिम विश्लेषणमा निजी स्वामित्वको अन्त्य र सामाजिक स्वामित्वमा आधारित समाज व्यवस्था हो । यस मान्यतालाई लेनिनले मार्क्सवाद भनी घोषणा गरे । लेनिनले मार्क्सवादी विश्व दृष्टिकोणलाई मार्गदर्शक सिद्धान्त मान्दै अक्टोबर रुसी क्रान्ति सम्पन्न गरेको दाबी गरे । समाजवादी क्रान्तिपूर्व र पुँजीवादको मरणासन्न अवस्था नै साम्राज्यवाद हो भनी उनले घोषणा गरे । रुसी अक्टोबर क्रान्तिपछि सर्वहारा वर्गको अधिनायकत्व लागु गर्ने नाममा एक दलीय कम्युनिस्ट पार्टीको नेतृत्वमा शासन सञ्चालन गरे ।

लेनिनले अतिरिक्त मूल्यद्वारा श्रमिकहरूमाथि हुने शोषणको अन्त्यका लागि भन्दै निजी स्वामित्वको अन्त्य र सामूहिक स्वामित्वमा आधारित समाज व्यवस्थाको स्थापना गरेह आलोचना र आत्मालोचना, असल नेतृत्वको चयन, आत्मनिर्णयको अधिकार, दुई लाइनको सैर्ष र अल्पमत बहुमतको अधीनस्थ रहनेजस्ता विशेषतामा आधारित जनवादी केन्द्रीयता नामक संगठनात्मक सिद्धान्त प्रतिपादन गरी लागु गरेह जसलाई मार्क्सवादको विकसित अध्याय भनी परिभाषित गरियो । लेनिनको मृत्युपश्चात् क्रूर तानाशाह स्टालिनले लेनिनका यी मान्यतालाई लेनिनवाद भनी घोषणा गर्दै मृत्युपर्यन्त मार्क्सवादका नाममा लेनिनवादको रजाइँ र आफ्नो (स्टालिन) तानाशाही शासन सञ्चालन गरे । समयको यही कालखण्डमा विश्वका ४६ वटा मुलुकमा समाजवाद स्थापना गर्ने नाममा एक दलीय कम्युनिस्ट शासन व्यवस्थाको स्थापना गरियो । हाल चीन, उत्तरकोरिया, क्युबा, लाओस र भियतनाम गरी पाँचवटा देशमा मात्र समाजवाद होइन, एक दलीय कम्युनिस्ट शासन रहेको छ ।

**समाजवाद कि सन्तुलित पुाजीवाद ?**

सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्रको प्रकाशनसँगै समाजवादको बिगुल संसारभर बज्न सुरु गऱ्यो । प्रकाशमय गतिका साथ बिगुलको झङ्कार संसारभर गुन्जियो । पुँजीवादमाथि ठाडो आक्रमण सुरु गऱ्यो । हालसम्म विश्व व्यवस्था प्रणालीभित्र समाजवाद र पुँजीवादका बिचमा टकराब, प्रतिद्वन्द्विता तथा प्रतिस्पर्धा शत्रुवत ढङ्गले चल्दै आएको छ । वैश्विक समाजको अबको गन्तव्य कता हो भनेर घोषणा गर्नुअगाडि तथ्य र आधार केलाउन उपयुक्त हुन्छ । पुँजीवाद र समाजवादले अब केवल आर्थिक प्रणालीलाई मात्र नजनाएर अर्थराजनीति, प्रशासन र परराष्ट्र समेतलाई जनाउँछ । पुँजीवादले सामना गरेको सन् १९३० को आर्थिक मन्दीलाई किन्सियन थ्यौरीले, सन् १९८० को दशकबाट सुरु भएको उदारवादको समस्यालाई 'वासिङ्टन सहमति'ले र सन् २००८ मा देखापरेको 'सबप्राइम मोर्टगेज क्राइसिस' नामक मन्दीलाई विश्व बैङ्कका प्रमुख जेम्स ओल्फेसनद्वारा प्रस्तुत 'सेन्टियागो सहमति' नामक पुँजीवादको सन्तुलित विकासको मिश्रित अवधारणाले सम्बोधन गरेको छ ।

अर्थशास्त्रमा नोबल पुरस्कार विजेता अमर्त्य सेनको आर्थिक विकास र स्वतन्त्रता नामक साहित्यले पनि आर्थिक स्वतन्त्रतालाई विकासको पहिलो सर्त मानेको छ । सेनले गरिबी, अकाल मृत्यु, मानव विकास, लैङ्गिक असमानता, मानव अधिकार र उदारवादले सिर्जना गरेका समस्याका बारेमा विस्तृत अध्ययन गर्दै राजनीतिक स्वतन्त्रता, आर्थिक सुधार र स्वतन्त्रता, सामाजिक अवसर, पारदर्शिताको ग्यारेन्टी र सुरक्षात्मक सुरक्षाको सुनिश्चितताका लागि प्रस्ताव गरेका थिए । पछिल्लो सर्वेक्षण अनुसार, सबभन्दा बढी आर्थिक स्वतन्त्रता भएका दशवटा मुलुकमा क्रमश: सिङ्गापुर, न्युजिल्यान्ड, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, आयरल्यान्ड, ताइवान, बेलायत, स्टोनिया, क्यानडा र डेनमार्क छन् । सबभन्दा कम आर्थिक स्वतन्त्रता भएका पाँच मुलुकमा उत्तरकोरिया, भेनेजुयला, क्युबा, सुडान र जिम्बाबे छन् । तस्बिर आफैं बोल्छ भनेजस्तै आर्थिक स्वतन्त्रता भएका देश नै विकास र समृद्धिको मापनमा अग्रपंक्तिमा छन् भने आर्थिक स्वतन्त्रता कम भएका मुलुक धेरै पछाडि छन् । सन्तुलित पुँजीवादमा आर्थिक स्वतन्त्रता हुन्छ भने समाजवादमा राज्यले अंकुश लगाएको हुन्छ ।

पुँजीवादी मुलुकले लोकतन्त्र, आर्थिक स्वतन्त्रता, नागरिक समाज, मानव अधिकार, कानुनी राज्यजस्ता प्रजातान्त्रिक विशेषतालाई आदर्श ठान्छन् भने समाजवादी मुलुकहरूले अभिशाप ठान्छन् । समाजवादी मुलुकहरूमा एक दलीयता, आर्थिक नियन्त्रण, नागरिक समाजमाथि प्रतिबन्ध वा नियन्त्रण, नाम मात्रको मानव अधिकार, नियन्त्रित न्यायालयजस्ता विशेषता रहेको पाइन्छ । हाल विद्यमान पाँचवटा कम्युनिस्ट मुलुकमध्ये कुनैमा पनि लोकतन्त्र, आवधिक निर्वाचन, आर्थिक स्वतन्त्रता, निष्पक्ष न्यायालय, आधारभूत मानव अधिकारको ग्यारेन्टी रहेको पाइँदैन ।

चिनमा देङ साओपिङले सुरु गरेको आर्थिक सुधारको कार्यक्रम र सन् २००४ देखि 'बेइजिङ सहमति'का नाममा अपनाएको विकासको मोडलले बजार अर्थतन्त्रलाई स्थान दिएको छ, जसकारण त्यहाँ द्रूत गतिमा विकास भएको छ, तर लोकतन्त्रको बन्ध्याकररण गरिएको छ । बाँकी चारवटा कम्युनिस्ट मुलुकमा कम्युनिस्ट पार्टीको एक दलीय शासनका साथै राज्य नियन्त्रित अर्थतन्त्र र बन्द समाज रहेको छ । युरोप र अमेरिका समुन्नत समाजमा पर्छन् भने एसिया र अफ्रिका विकाशील समाजमा पर्छन् । बढी आर्थिक स्वतन्त्रता भएका स्केन्डिनेभियन देशहरू (नर्वे, स्वेडन, डेनमार्क) तथा नोर्डिक मुलुक (थप फिनल्यान्ड र आइसल्यान्ड) विश्वकै उन्नत र समृद्ध मुलुकमा पर्छन् । त्यसकारण अबको वैश्विक समाजको गन्तव्य समाजवाद नभएर सन्तुलित पुँजीवाद हुने निश्चितप्राय: छ । किनकि लोकतन्त्र मानव मस्तिष्कको सबभन्दा नवीन राजनीतिक आविष्कार हो ।

*(साभार: रातोपाटी)*

# विहारको राजनीति बुझाउने महारानी



✍ हिरा विश्वकर्मा

विहार हाम्रो छिमेकी देशको जोडिएको प्रान्त हो । हाम्रो मधेश प्रदेशका सबै आठ जिल्लाहरू यससँग जोडिएका छन् । विहार भारतका २८ वटा प्रान्तहरूमध्ये सबैभन्दा पिछडिएको र कुशासनयुक्त प्रदेश मानिन्छ । हाम्रो मधेश प्रदेश पनि नेपालका सात प्रदेशमध्ये सबैभन्दा कम मानव विकास सूचकांक भएको प्रदेश हो । मैले भर्खरै सार्वजनिक भएको ७७ जिल्लाको साक्षरता सूची हेरेको थिएँ त्यसमा ७५, ७६ र ७७ नम्बरको सूचीमा क्रमश: सर्लाही, महोत्तरी र रौतहट छन् भने नेपालको भन्दा पनि कम प्रतिव्यक्ति करिब ८०० डलर भएको विहार छ ।

मधेशसँग विहारको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध मात्रै प्रगाढ छैन वर्षौंदेखि रोटी-बेटीको सम्बन्ध छ र नेपालका कैयौं महिला सांसद तथा नेताहरूको माइती अझै पनि विहारमा छ । नेपालले चुच्चे नक्सा जारी गर्दा भारत माइती भएकी सरिता गिरीले त्यसको खुलेर विरोध गरेकी थिइन् । त्यस्तै भारतका अन्य प्रान्तहरूमा विहारीहरूले कति अपमान सहनुपर्दछ जुन अपमान सायद उनीहरूले नेपालमा कहीं पनि सहनुपर्दैन । कुनै समय पश्चिमी पाकिस्तानीहरूले पूर्वी पाकिस्तान अर्थात् हालको बंगलादेशीहरूलाई अपहेलना गरी विहारी भन्दथे । अत: यस्तो विहारसँग जोडिएको हाम्रो भूमि विहार भन्दा कुन मानेमा फरक हुन्थ्यो ?

विहारी राजनीति जुन किसिमले विगतदेखि वर्तमानसम्म अगाडि बढेको छ त्यसलाई गहिरोसँग बुझ्ने र बुझाउने मौका दिन्छ हालसालै सोनी लिभमा स्ट्रीमिङ भइरहेको वेबसिरिज महारानीको सिजन-३ ले ।

सन् २०२१ देखि सुरु भएको यो वेबसिरिज अहिले २०२४ मा आइपुग्दा तेस्रो सिजनमा आइपुगेको छ । यसरी लगातार तेस्रो सिजनसम्म आइपुग्नुले सो सिरिज भारतीय दर्शकमाझ अत्यन्त प्रख्यात मध्येको एक भएर नै भन्नुपर्दछ । यो वेबसिरिज हेर्दा मधेशको राजनीति र समग्र नेपालकै राजनीति पनि यस्तै तरिकाले अगाडि बढेको भान हुन्छ र लाग्छ यो सिरिजले मेरै देशको कथा भनिरहेको छ ।

जसरी हाम्रो देशका प्राय: सबै राजनैतिक इतिहास हत्या, हिंसा, षड्यन्त्र, धोका र अवसरवादले भरिएको हुन्थ्यो र अहिले पनि छ त्यसको सजिव चित्रण यो सिरिजमा भएको छ । यो सिरिज हेर्दा एकातर्फ लाग्छ शासन सत्ता चलाउन साँच्चिकै कति गाह्रो छ अर्कोतर्फ लाग्छ राजनीति किन यतिविधि घृणित र निन्दनीय हुन्छ, आखिर सत्ता र शक्तिमा के छ भन्ने प्रश्न बराबर उब्जिइरहन्छ ।

अहिलेसम्म ८ भागका दरले २४ भागमा प्रसारित भएको यो सिरिजले विहारको जातीय, धार्मिक तथा अपराधको पृष्ठभूमिमा कसरी राजनीति अगाडि बढेको हुन्छ र यसको एउटै धन्दा र उद्देश्य भनेको जसरी पनि सत्ता र शक्ति हासिल गर्ने र त्यसको आडमा अथाह सम्पत्ति कमाउने । यही तीनवटा चिजहरू जोगाउन एकअर्का विरुद्ध षडयन्त्र, धोका र हत्यासम्म गर्ने प्रपञ्चहरू नै यो सिरिजका घटना र कथाहरू हुन् । यी सबै कुराहरू राजनीति गर्ने वा त्यसमा लाग्नेहरूका लागि आम हुनसक्छ, तर यसलाई सिनेम्याटिक भाषामा यसरी प्रस्तुत गरिएको छ कि दर्शक शृंखला हेर्दा मन्त्रमुग्ध हुन्छ, किनभने अब यसपछि के हुन्छ भन्ने जिज्ञासा सधैं जागिरहेको हुन्छ ।

यो सिरिजको अर्को रोचक पक्ष के छ भने प्राय: सिनेमा वा सिरिजहरूमा त्यसलाई रोचक वा मनोरञ्जक बनाउन कला स्वतन्त्रता लिइएको हुन्छ वा आम जीवन भन्दा धेरै ठूलो अर्थात् लार्जर द्यान लाइफ देखाइन्छ तर यो सिरिजलाई त्यस्तो बनाइएको छैन सबै घटनाहरू आम जीवनमा भइरहेका वास्तविक लाग्छन् । हो कति दुस्वप्नको सहारामा केही दृश्यहरूलाई अतिरञ्जित जस्तो देखाइएको छ तर त्यो पनि दर्शकलाई अत्यन्त सहज लाग्छ र त्यसलाई प्रतीकात्मक अर्थमा पनि प्रयोग गरिएको छ ।

काँगडा ब्यानरमा निर्मित तथा सुभाष कपुरद्वारा निर्देशित र यसको मुख्य पात्रको रूपमा हुमा कुरेसीले अभिनय गरेको यो सिरिजमा मुख्यतया ५३ जना कलाकारहरू छन् तर आवश्यकता अनुसार अरू पनि जोडिएका छन् तर यति थोरै कलाकारहरूबाट पनि यस्तो भव्य सिरिज बनाउनु भारतीय सिने उद्योगको अब्बल पक्ष मान्नुपर्दछ । यसको कथा सन् ९९ को वरिपरि बुनिएको छ र यो सिरिज हेर्दा विहारका विवादास्पद नेता लालु यादव र उनकी पत्नी रावडी देवीको राजनैतिक जीवन जस्तो लाग्छ र अहिलेका नीतिश कुमार पनि त्यहीं छन् कि जस्तो भान हुन्छ ।

यसको मुख्य कथामा पिछडा वर्ग (जो विहारको सबैभन्दा ठूलो जनसांख्यिक समूह हो) को प्रतिनिधित्व गर्दै भीमा भारती (साहुम

> राजनीतिको अन्तिम उद्देश्य भनेको देश र जनताको हित हुनुपर्छ भन्ने आम मान्यता हो । सुशासन र विकास दिने नायकको रुपमा स्थापित गर्न खोजिएको सिजन-२ ले सिजन-३ मा बदलालाई केन्द्रित गर्दा अलि खल्लो चाहिं लागेको छ तर यसको कथाको अन्त्य हेर्दा सिजन-४ पनि बन्ने जस्तो देखिन्छ ।

साह) लालु यादवकै शैलीमा मुख्य मन्त्री भएका हुन्छन् । जसरी चारा घोटालामा लालु यादव जेल परे त्यस्तै भीमा भारतीले पनि त्यस्तै राजनीति गरेर भ्रष्टाचारमा लिप्त हुन्छन्, कतिसम्म भने उनले आफूउपर गोलीसम्म चलाएर राजनीतिलाई आफ्नो पकडमा राख्न चाहन्छन् ।

जसरी लालुले आफ्नी अनपढ गृहिणीलाई अकस्मात् विहारको मुख्य मन्त्री बनाउँछन् र जो स्त्रीले सफलतापूर्वक घर चलाउँछन् उनीहरूले राज्य पनि चलाउँछन् भन्ने भाष्य निर्माण गर्न खोज्छन् र त्यसको वास्तविक बागडोर आफ्नो हातमा राख्छन् ठीक त्यसैगरी यो सिरिजमा पनि भीमा भारतीले चार कक्षा फेल आफ्नी श्रीमती रानी भारती (हुमा कुरेसी) लाई मुख्यमन्त्री बनाउँछन् र अप्रत्यक्ष शासन गर्न खोज्छन् । तर एउटी गृहिणीमा भएको इमानदारी र केही राम्रो गर्न चाहने भावनाका कारणले गर्दा श्रीमान्को भनाइ मान्न छोडिन्छन् र केही सुशासन तथा विकास दिने कोसिस गर्छिन्, कथा यसैबाट अगाडि बढ्छ । रावडी देवीले लालु यादवलाई जेल पठाउन भूमिका खेलिन् कि अथवा अन्य कारणले उनी जेल परे त्यो अर्को पाटो होला तर सिरिजमा चारा घोटालाको हजारौं करोड हिनामिनामा दोषी ठहर गर्दै आफ्नै श्रीमान्लाई जेल पठाउँछिन् त्यसपछि श्रीमान् र श्रीमतीकै बीचमा द्वन्द्व चल्छ र पार्टी फुटाउने काम हुन्छ ।

अन्त्यमा चुनाव समेत छुट्टाछुट्टै पार्टीको रूपमा श्रीमान्-श्रीमती लड्छन्, जातीय तथा धार्मिक रुढीवादमा रुमल्लिएको विहारमा स्वच्छ प्रशासनको एजेन्डाले आशातित सफलता प्राप्त गर्दैन र सरकार बनाउन सक्ने बहुमत कसैसँग हुँदैन । यस बीचमा स्वच्छ राजनीतिको वकालत गरेकी रानी भारतीलाई भीमा भारतीले उनलाई सत्तामा पुऱ्याउँदा फेरि जेल परिने सम्भावना हुँदाहुँदै पनि समर्थन दिने कुरा गर्छन् जुन कुरा उनका सहयात्रीहरू जो प्राय: सबै भ्रष्ट, व्यभिचारी तथा षड्यन्त्रकारी हुन्छन् उनीहरूले थाहा पाउँछन् ।


यदि त्यसो भएमा उनीहरू सबै जेल पर्छन् भन्ने बुझेपछि होलीको पार्टीमा उनलाई षड्यन्त्रपूर्वक मार्छन् र हत्याको आरोप रानीलाई लगाई उनलाई तीन वर्षको लागि जेल पठाउँछन् । यता नविन कुमार (अमित सियाल) जो सवर्ण जातका हुन्छन् र भीमा भारतीका सहपाठी त्यस्तै भ्रष्टहरूको साथ सहयोगमा मुख्यमन्त्री बन्छन् ।

रानी भारती र उनकी सहयोगी (आईएस अफिसर) कावेरी (कानी कुश्रुति) जो दक्षिण भारतीय लवजमा हिन्दी बोल्छिन् समेत जेलमा हुँदा उनले जेलमा विभिन्न आरोप तथा मजबुरीमा जेलमा सजाय पाइरहेका महिला कैदी बन्दीहरूको छुट्टै सेना बनाउँछिन् र ती भ्रष्ट नेताहरूलाई विभिन्न रूप र बहानामा फसाउँदै लग्छिन् र कतिको हत्या तथा कतिलाई जेल पठाउँछिन् । अघिल्ला दुई सिजनहरूमा एउटा स्वच्छ राजनीति गरेकी रानीलाई कसरी उनीहरू जस्तै अपराधी र षड्यन्त्रकारी बनाउँछ भन्ने कुरा सिजन-३ का सिरिजहरूमा देखाइएको छ । यो सिरिज हेर्दा कसरी कृष्णले धर्मलाई स्थापित गर्न कौरवहरूले जस्तै नैतिक, अनैतिक सबै काम गर्छन् जब अभिमन्युलाई छलपूर्वक चक्रव्यूहमा मार्छन् भने जस्तै रानी भारतीले पनि हत्या, हिंसा, षडयन्त्रको सहारा लिएर आफ्नो श्रीमान्लाई मारेको बदला लिएको देखाइएको छ । यसमा एउटा द्विविधा रानीमा आएको देखाइन्छ त्यो के भने उनले जुन लडाईं लडेकी छन् त्यो न्यायको लागि हो वा बदलाको लागि । तर उनले यी दुइटा कुरामा फरक देख्दिनन् र पटक-पटक मेरो लागि बदला लिनु नै न्याय पाउनु हो भन्छिन् । पछिल्लो सिजन-३ मा उनका राजनैतिक प्रतिद्वन्द्वी तथा शत्रुहरूलाई उनीहरूकै तरिकाले उनीहरूकै शैलीमा परास्त गर्दा कुनै क्राइम थ्रिलर हेरे जस्तो अनुभूति हुन्छ, किनभने हत्या र षड्यन्त्र यस्तो रूपमा गरिन्छ कि कानुनी रूपमा रानी सुरक्षित देखिन्छिन् ।

यो सिरिज मैले हेरेका अन्य सिरिजहरू मध्ये उत्कृष्ट लागेको छ, मैले आफूले मात्रै उत्कृष्ट देखेको हुँ वा यसको रेटिङ पनि उच्च छ भन्ने जान्नको लागि एउटा सार्वजनिक भएको रेटिङ हेरेको थिएँ त्यसमा १० अंकमा ७.९ दिइएको रहेछ । राजनीतिको अन्तिम उद्देश्य भनेको देश र जनताको हित हुनुपर्छ भन्ने आम मान्यता हो । सुशासन र विकास दिने नायकको रूपमा स्थापित गर्न खोजिएको सिजन-२ ले सिजन-३ मा बदलालाई केन्द्रित गर्दा अलि खल्लो चाहिं लागेको छ तर यसको कथाको अन्त्य हेर्दा सिजन-४ पनि बन्ने जस्तो देखिन्छ । आशा गरौं सिजन-४ ले कालो बादलमा एउटा सशक्त कथा मार्फत चाँदीको घेरा पनि देखाओस् !

*(साभार: अनलाइनखबर)*

# कमजोर बन्दै सत्ताका सदाबहार खेलाडी देउवा



काठमाडौं/सत्ता राजनीतिमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा 'चतुर खेलाडी' को एउटा विम्ब बन्दै आएको छ । तत्कालको लाभ र प्रयोगवादी राजनीतिमा उनीसरह खप्पिस खेलाडी नेपालको राजनीतिमा अरु नभएको विश्लेषण हुँदै पनि आएको हो ।

सरकार बनाउन र भत्काउन 'निपुण' भनिंदै आएका देउवा र कांग्रेसका दिवंगत नेता प्रदीप गिरीको एउटा संवाद कांग्रेसजनमा चर्चित छ । कांग्रेस नेताहरुका अनुसार देउवा चौथोपटक प्रधानमन्त्री भइसकेका थिए । त्यही बेला कुनै दिन देउवा र प्रदीप गिरीको भेट भएको थियो ।

गिरीले देउवालाई भनेछन्- तपाईंको कार्यशैली भएन । यो तरिकाको तपाईंको बुद्धिले हुँदैन ।

देउवाले जवाफ फर्काएछन् - म बुद्धि नभएको चार पटक प्रधानमन्त्री भइसकें । तिमी बुद्धि भएको अहिलेसम्म एकपटक पनि राज्यमन्त्री हुनसकेका छैनौ ।'

देउवा-गिरी संवादले पुष्टि गर्छ, देउवा सत्ताको खेलमा चातुर्य भएकै कारणले पटक पटक प्रधानमन्त्री हुन सफल भएका हुन् ।

सत्ताका लागि अस्वभाविक चलखेल गर्नसक्ने नेताको पहिचान बनाएका देउवाले २१ फागुनअघि प्रचण्डको पूर्वतयारी सुइँको नपाएकै हुन् ? नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामहरि खतिवडाका अनुसार देउवालाई प्रचण्डप्रति झिनो अविश्वास भने पैदा भएको थियो ।

'सभापतिले भेउ पाउनु भएको थियो । ३ फागुनको केन्द्रीय समितिको बैठक सुरु हुनुअघि चिनियाँहरु सल्बलाएको भन्नुभएको हो' खतिवडाले भने, 'कुरा गर्न पऱ्यो, बर्बाद हुँदैछ भनेर सभापतिको कोठामा बस्दा भन्नुभएको हो ।'

खतिवडाका अनुसार देउवासँग त्यसबेला उपसभापति खड्का पनि साथै थिए । देउवाले संकेत पाएको भने पनि सत्ता टिकाउन पूर्वाभ्यास नगरेको नेताहरु बताउँछन् ।

**देउवाको "कमजोर सूचना संयन्त्र"**

१० पुस २०७९ र २१ फागुन २०८० मा राजनीतिका दुई उथलपुथल घटना भए । यी दुई घटनाको विश्लेषण गर्नेहरु देउवा सत्तामा उलटपुलट गर्नसक्ने खेलाडी हुन नसकेको विश्लेषण गर्छन् । कांग्रेसभित्रका नेताहरु टिप्पणी गर्छन्, 'सत्ता लिन र टिकाउनका लागि प्रयोगवादी राजनीतिमा खप्पिस देउवाले आफ्नो शैली कायम राख्न सकेका छैनन् ।'

१० पुस २०७९ मा देउवाले धोका पाउँदा पनि गत २१ फागुनमा प्रचण्डले चालेको कदमको भेउ पाउन सकेनन् । पुस २०७९ को पहिलो साता देउवा सत्तामै थिए । देउवा-प्रचण्ड सत्ताको सहयात्री भएकै बेला दुईपटक गठबन्धन भत्कियो ।

तत्कालीन प्रधानमन्त्री ओलीले संसद विघटन गरेपछि देउवाको इच्छा चुनावमा जाने थियो । संविधान विपरीत संसद विघटन भएको भन्दै पार्टीका नेताहरु लागेपछि देउवाले चुनावको पक्षमा सार्वजनिक रुपमा मुख खोल्न सकेनन् । प्रचण्ड र माधव नेपाल बूढानीलकण्ठ पुगेर प्रधानमन्त्री बन्न आग्रह गरेपछि उनका लागि नसोचेको पद हात लाग्यो ।

४ मंसिर २०७९ को चुनावबाट कांग्रेस पहिलो दल बन्यो । 'ठूलो दल भएकाले पहिलो प्रधानमन्त्री कांग्रेसबाट नै हुनुपर्छ भनेर देउवाले अडान लिन सकेको भए प्रचण्डलाई विश्वासको मत दिन निर्णय गराउने थिएनन्', कांग्रेसका एक नेता भन्छन् ।

तत्कालीन समयमा देउवा दुई तरिकाले सत्ता आफ्नै हातमा आउने विश्वस्त थिए । उनलाई विश्वास दिलाउन प्रवक्ता प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की, देउवा पत्नी आरजु राणालगायत लागेका थिए ।

तत्कालीन समयमा देउवाले पार्टीभित्र अघि सारेका दुई विकल्पमा पहिलो थियो, प्रचण्डलाई ओलीले प्रधानमन्त्री मान्दैनन् । दोस्रोमा, दुई वा दुई भन्दा बढी दलबाट सरकार बन्न नसक्ने अवस्था बने त्यसबेला ठूलो दलको आधारमा आफैं प्रधानमन्त्री हुने थियो ।

'ओलीले प्रचण्डलाई प्रधानमन्त्री स्वीकार्न तयार हुँदै हुँदैनन् । त्यसपछि प्रचण्ड लत्रिएर मकहाँ आउन बाध्य हुने सोंच उनीमा थियो', कांग्रेसका एक नेता तत्कालीन समय विश्लेषण गर्दै भन्छन्, 'त्यसो हुन नसके ठूलो दलका आधारमा तपाईं नै प्रधानमन्त्री हुनुहुन्छ भनि उनका नजिक हुनेले सल्लाह दिए ।'

देउवाले सोचे जस्तो भएन । १० पुस २०७९ मा बालकोटमा रवि लामिछाने, राजेन्द्र लिङ्देन, सीके राउतलाई आमन्त्रण गरेर ओलीले नयाँ गठबन्धन बनाउन तयारी गरेको भेउ देउवाले पाउन सकेनन् । ओलीले प्रचण्डसँग सहकार्य नहुने आश्वासन दिएर कांग्रेसलाई अल्मल्याइदिए । ओलीको वचनबाट ढुक्क भएर बालुवाटार बसेका देउवाले प्रधानमन्त्री पद कायम राख्न सकेनन् । कांग्रेसले प्रधानमन्त्री बनाउन तयार नभएपछि प्रचण्ड बालुवाटारको बैठक छोडेर सिधै बालकोट लागे ।

'कांग्रेसलाई आश्वासन दिइरहेका ओलीले आफ्नो घरमा नयाँ गठबन्धन बनाउन नेताहरु भेला गरिसकेका थिए', कांग्रेसका एक केन्द्रीय सदस्य भन्छन्, 'खाना खान भनी हिंडेका प्रचण्डलाई बोलाएर ओलीले प्रधानमन्त्री बनाए । देउवाले त्यहाँ भित्र भएको खेल थाहै पाएनन् ।'

देउवाको सूचना संयन्त्र यसपटक पनि असफल रहे । प्रचण्डले पटक पटक ओलीलाई बालुवाटार बोलाएर छलफल गरे । सुरुका दुईपटक देउवाको समर्थन लिएर प्रचण्डले ओलीलाई भेटेपनि पछिल्लो समय आफू खुसी भेट्न लागे । '४/५ महिना अघिदेखि केपीसँग लगातार सम्पर्क रहेको प्रचण्ड आफैंले भनेका छन् । पहिलो दुईपटक देउवालाई सोधेर भेटेको हुँ । पछि आफ्नै तरिकाले भेट्न थालेको कांग्रेसका नेताहरुसँग भनेका छन्', कांग्रेसका नेता भन्छन् ।

दुई कम्युनिस्ट मिलेर मात्रै सरकार बनाउन सम्भव नहुने अवस्था छ । उक्त गठबन्धनमा जानबाट कांग्रेसले अरु दललाई रोक्न पूर्वतयारी गर्न सक्थ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी, एकीकृत समाजवादी लगायतसँग संवादमा देउवा रहेनन् ।

'दुई दलको गठजोडमा यी दलहरु सहभागी हुन सक्छन् भनेर पहिले देखि रोक्ने प्रयास हुनुपर्ने होइन । माधव नेपाल, उपेन्द्र यादव, रविसँग कुरै गरेनन्', कांग्रेस नेता भन्छन् । सत्ताबाट विमुख हुने अवस्था आएपछि मात्रै प्रधानमन्त्रीको वचन दिँदै देउवा दलका नेताहरु भेट्न थाले । एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई उनकै घरमा पुगेर भेटे । जनमत पार्टीका अध्यक्ष सीके राउत र लोकतान्त्रिक समाजवादीका अध्यक्ष महन्थ ठाकुरलाई बुढानीलकण्ठमा बोलाए । रास्वपाले पनि कांग्रेसबाट प्रधानमन्त्रीको प्रस्ताव आएको दाबी गरेको छ । देउवा पत्नी आरजु राणाको सन्देश पुऱ्याउन रास्वपाका शीर्ष तहका नेताहरुलाई फोन आएको उक्त पार्टीका नेताहरु दाबी गर्छन् ।

कांग्रेस सहितको गठबन्धन ब्यूँताउन महत्वपूर्ण भूमिका खेलेका उपसभापति पूर्णबहादुर खड्का सरकारमै थिए । कुनैपनि बेला यस्तो हुनसक्छ भनि आकलन गर्नै सकेनन् । खड्का मन्त्री परिवर्तन गर्न तयार देखिएपनि आफ्नो मन्त्री पद पनि जान्छ कि भन्ने भयले थप सक्रिय हुन नसकेको नेताहरु बताउँछन् ।

कांग्रेसलाई सत्ता बाहिर पुऱ्याउन २० फागुनमा प्रचण्डले अर्को चलाखी गरे । २१ गते विहान ८ बजे गठबन्धनको बैठक बस्ने भन्दै अघिल्लो दिन खबर गरे ।

जबकि, अघिल्लो राति नै नयाँ गठबन्धनका लागि सहमति बनिसकेको थियो । रास्वपाका उच्च तहका एक नेताका अनुसार उक्त बैठक बस्नका लागि भनेर बोलाइकै थिएन । उनी भन्छन्, 'नयाँ गठबन्धन बनाउने निर्णय अघिल्लो दिन नै भएको थियो । कांग्रेसलाई अलमलमा राख्न बैठक बोलाए जस्तो गरियो । बिहान स्थगित गरियो ।'

बैठक स्थगित भइसकेपछि बल्ल कांग्रेसले केही गढबढ भएको सुइँको पायो । प्रधानमन्त्रीलाई भेट्न उपसभापति खड्का र नेता कृष्णप्रसाद सिटौला २१ फागुनको विहान पुगे । कांग्रेससँगको सत्ता सहकार्य सम्भव नभएको प्रचण्डले निष्कर्ष उनीहरुलाई सुनाए ।

त्यसपछि भने प्रचण्डका लागि देउवाले धेरै त्यागन तयार भए । मन्त्री सबै परिवर्तन, राष्ट्रिय सभाका अध्यक्ष माओवादीलाई, प्रधानमन्त्रीमा प्रचण्डलाई थप एक वर्ष लगायतमा कांग्रेसले प्रतिबद्धता जनायो । नयाँ गठबन्धनका लागि अघिल्लो दिन नै निर्णयमा पुगेका प्रधानमन्त्री प्रचण्ड कांग्रेसको प्रस्ताव स्वीकार्ने अवस्था थिएनन् । देउवाले २१ फागुनको दिउँसो मन्त्रीहरु बोलाएर गठबन्धन कायम रहने अवस्था नरहेको सुनाए ।

कांग्रेससँग दूरी बढाउन निहुँ खोजिरहेका प्रचण्डका लागि कोशी प्रकरण, महासमितिमा पेश भएका प्रतिवेदन, मन्त्री हेरफेरमा अड्चन लगायत कारण बने ।

(स्रोत:अनलाइखबर)

# आईपीएल २०२४ का सर्वाधिक बलिया ५ टोली




काठमाडौं/इन्डियन प्रिमियर लिग (आईपीएल) २०२४ चैत ९ गते सुरु हुँदैछ । १० टोली सहभागी आईपीएल डबल राउन्ड रोविनका आधारमा हुनेछ । शीर्ष चार टोली प्लेअफमा पुग्नेछन् ।

विश्व क्रिकेटका एक सर्वाधिक सफल कप्तान महेन्द्रसिंह धोनीको ब्याटिङदेखि उदीयमान तीव्र गतिका बलर जेराल्ड कोट्जीको बाउन्सर हेर्न समर्थक आतुर छन् ।

कुनैपनि टोली कस्तो छ त्यसमा रहेका खेलाडी, उनीहरुको क्षमता, पछिल्लो समयको लय, टोली सन्तुलनलाई हेरेर प्रतियोगिता अघि नै अनुमान गर्न सकिन्छ । एक पक्ष मात्रै बलियो भएर उपाधि जित्न कुनैपनि टोलीलाई निकै कठिन पर्छ । कागजी रुपमा सबै टोलीलाई हेर्दा २०२४ का सर्वाधिक बलिया ५ टोली यस प्रकार छन् ।

**चेन्नई सुपर किंग्स**

साविक विजेता चेन्नई आईपीएलको सर्वाधिक सफल टोली हो । धोनीको कप्तानीमा चेन्नईले पाँच पटक ट्रफी जितेको छ । प्लेइङ-११ छनोट, बलिङ परिवर्तन, फिल्डिङ सजावट, कप्तान रणनीति र ब्याटिङक्रम लगायत सबै कुरामा कप्तानले लिने निर्णयले धेरै फरक पार्छ । कप्तानको चलाखी निर्णयले हारको मुखबाट पनि खेल जित्न सक्ने सम्भावना रहन्छ ।

धोनी आफ्नो कप्तानीमा जस्तोसुकै टोलीलाई पनि मजबुत बनाउने खुबी राख्छन् । धोनी स्टार खेलाडी भन्दा पनि आफूसँग भएको खेलाडीबाट शतप्रतिशत नतिजा निकाल्न खोज्छन् ।

त्यसैले धेरै खेलाडीको सपना धोनीको कप्तानीमा खेल्ने हुन्छ । चेन्नई मजबुत हुनुको प्रमुख कारण धोनीको कप्तानी नै हो । विपक्षी ब्याटरको कमजोरी अनुसार फिल्डिङ सजावट र बलिङ लगाउने हुँदा चेन्नईविरुद्ध कुनैपनि ब्याटरलाई राम्रो प्रदर्शन गर्न मुश्किल पर्दछ ।

चेन्नईले न्युजिल्यान्डका दुई अलराउन्डर डर्याल मिचेल र रचिन रवीन्द्रलाई अक्सनमा किनेपछि टोली सन्तुलन झनै मिलेको छ । अर्कोतर्फ दीपक चाहर चोटबाट फर्किदा र शार्दुल ठाकुर लाई अक्सनबाट फर्काउँदा तीव्र गतिको बलिङ आक्रामण मजबुत बनेको छ ।

डेभन कन्वे, रचिन रवीन्द्र र ऋतुराज गायकवाड शीर्षक्रमका ब्याटर हुनेछन् । अजिन्क्या रहाने, शिबम दुबे र डर्याल मिचेलले मध्यक्रम सम्हाल्नेछन् । त्यसपछि धोनी र जडेजाको जोडी हुनेछन् । अक्सनमा ८ करोड ४० लाख भारु खर्चेका युवा विकेटकिपर समिर रिज्वी पनि छन् । चेन्नईको ब्याटिङमा गहिराई र मजबुती छ ।

अर्कोतर्फ प्लेइङ ११ ले खराब प्रदर्शन गर्दा बेन्चमा पनि राम्रो विकल्प छन् । तीव्र गतिका बलरमा दीपक चाहर, पाथिराना, शार्दुल ठाकुर, मुस्ताफिजुर रहमान र मकेश चौधरी जस्ता खेलाडी छन् । शार्दुल तल्लोक्रममा राम्रो ब्याटिङ गर्छन् । स्पिनमा जडेजासँगै महेश थिक्सेना छन् ।

**राजस्थान रोयल्स**

सञ्जु स्यामसनको कप्तानमा रहेको राजस्थान रोयल्स अर्को उपाधि दाबेदार टोली हो । पछिल्लो समय राम्रो प्रदर्शन गर्दै आएपनि उपाधि जित्न सकेको छैन ।

राजस्थानको टोलीमा ब्याटिङ, तीव्र र स्पिन दुबै बलिङ सन्तुलन मिलेको छ । पछिल्लो समय उत्कृष्ट लयमा रहेका यशस्वी जैसवाल र जस बटलर ओपनरको रुपमा छन् । यी दुईमध्ये एक चलेको खण्डमा जित सहज हुनसक्छ । बटलर अनुभवी र जैसवाल युवा हुँदा आक्रामक क्रिकेटमा झनै हाबी हुन सक्छन् ।

सञ्जु स्यामसन, सिम्रन हेटमायर, रोभम्यान पावेल, ध्रुब जुरेल र रियान पराग जस्ता ब्याटर छन् । यी सबै टी-२० ब्याटरको रुपमा चिनिन्छन् । ट्रेन्ट बोल्ट, प्रसिद्ध कृष्णा, आवेश खान र नवदिप सैनी जस्ता तीव्र गतिका बलर छन् । स्पिनरमा युजभेन्द्र चहल र रविचन्द्रन आश्विन छन् ।

**रोयल च्यालेन्जर्स बेंगलोर**

रोयल च्यालेन्जर्स बेंगलोर आईपीएलको अभागी टोली मानिन्छ । टोलीमा स्टार खेलाडी अनुबन्ध गरेपनि उपाधि ट्रफीको तड्पाई अन्त्य गर्न सकेको छैन । बेंगलोरको मुख्य हतियार ब्याटिङ हो । यहाँ विराट कोहली, ग्लेन म्याक्सवेल र फाफ डु प्लेसिस जस्ता तीन सुपर स्टार खेलाडी छन् । यी तीन खेलाडी चलेको खण्डमा पहिलो उपाधि सपना साकार हुनसक्छ ।

विश्वकपमा अफगानिस्तान विरुद्ध त्यो दोहोरो शतकीय इनिङले म्याक्सवेलको परिचय र क्षमता भन्न पर्याप्त छ । टी-२० का एक अद्भूत खेलाडी म्याक्सवेल क्रिजमा हुँदासम्म बेंगलोरलाई असम्भव केही हुनेछैन । बेंगलोरले टोलीको सन्तुलन मिलाउन मुम्बई इन्डियन्सबाट क्यामरन ग्रिनलाई १७ करोड ५० लाख भारुमा किनेको थियो ।

ग्रिन ओपनिङमा आक्रामक क्रिकेटसँगै तीव्र गतिमा बलिङ गर्ने गर्छन् । रजत पाटिदार र दिनेश कार्तिक टोलीमा हुँदा ब्याटिङ मजबुत नै देखिन्छ । तीव्र गतिको बलिङ आक्रामणमा लोकी फर्गुसन, मोहम्मद सिराज र अल्जारी जोसेफजस्ता बलर छन् । स्पिन अलराउन्डरमा विल ज्याक्स पनि हुनेछन् ।

**सनराइजर्स हैदरावाद**

हैदरावाद कागजी रुपमा निकै मजबुत देखिन्छ । विशेषगरि विदेशी खेलाडीको ४ जनाको कोटा छनोट गर्न सहज हुनेछैन ।

यस पटक अक्सनमा प्याट कमिन्स, ट्रविस हेड र वानिन्दु हसरंगालाई किनेपछि हैदरावाद मजबुत बनेको हो । गत नोभेम्बरमा भारतलाई एकदिवसीय विश्वकप फाइनलमा हराउन कमिन्सले उत्कृष्ट कप्तानी र प्रदर्शन गरेका थिए ।

त्यसैले अक्सनमा कमिन्सलाई हैदराबादले २० करोड ५० रुपैयाँ खर्चेको थियो । राहुल त्रिपाठी, मयंक अग्रवाल, हेड, हेनरिक क्लासेन, ग्लेन फिलिप्स र एडेन माक्रम जस्ता ब्याटर टोलीमा छन् । वासिन्टन सुन्दर, वानिन्दु हसरंगा, मार्को यानसन र अब्दुल सामद अलरान्डरको रुपमा छन् । वासिन्टन नयाँ बल र हसरंगा मध्यक्रममा स्पिन गर्नेछन् । विपक्षी ब्याटरलाई सहज पनि हुनेछैन ।

तीव्र गतिका बलरमा योर्कर स्पेलिस्ट टि नटराजन, प्रतिघण्टा १५० किलोमिटरको गतिमा गर्ने खुबी राख्ने उमरान मलिक, भुवनेश्वर कुमार र प्याट कमिन्स जस्ता बलर छन् । कागजी नाम अनुसार प्रदर्शन गर्न सके हैदराबादले दोस्रो उपाधि जित्न सक्छ ।

**मुम्बई इन्डियन्स**

पाँच पटकको च्याम्पियन मुम्बईमा टी-२० विश्वस्टार ब्याटरको बाहुल्य छ । रोहित शर्मा, ईशान किसन, हार्दिक पान्ड्या, टिम डेविड र सूर्यकुमार यादव मुम्बईको टोलीमा छन् । हार्दिक पान्ड्या गुजरात छाडेर मुम्बई फर्किएपछि टोलीको ब्याटिङ लाइनअप मजबुत बनेको थियो । तीव्र गतिका बलरमा जस्प्रित बुमराह, जेराल्ड कोट्जी, रोमारियो सेफर्ड, जेसन बेहरेनडोर्फ, नुवान थुसेरा र दिलसान मदुसानका छन् । योर्करमा चर्चित बुमराह र उदीयमान जेराल्डको जोडी विपक्षीलाई घातक बन्ने अनुमान गरिएको छ ।

(स्रोत:अनलाइखबर)

# आठ महिनामै थपियो सवा २ खर्ब सार्वजनिक ऋृण, दायित्व करिब २४ खर्ब

काठमाडौं/नेपालको सार्वजनिक ऋृण २३ खर्ब ८८ अर्ब रुपैयाँ पुगेको छ । सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष (आव) २०८०/८१ को आठ महिना ( फागुन मसान्त) सम्म सरकारले २ खर्ब १८ अर्ब ८६ करोड रुपैयाँ ऋृण थपेको छ ।

यस अवधिमा साँवा भुक्तानीमार्फत १ खर्ब २६ अर्ब ३ करोड रुपैयाँ तिरेको छ । असार मसान्तमा २२ खर्ब ९५ अर्ब ४३ करोड रहेको नेपालको सार्वजनिक ऋृण बढेर २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको कार्यालयको तथ्यांक छ ।

तथ्यांक अनुसार सार्वजनिक ऋृणमा वाह्रय ऋृण हिस्सा आन्तरिक ऋृण दायित्वको तुलनामा केही बढी छ । फागुन मसान्तसम्म ११ खर्ब ८५ अर्ब आन्तरिक र १२ खर्ब २ अर्ब वाह्रय ऋृण पुगेको छ ।

नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा ४४ प्रतिशत हाराहारी सार्वजनिक ऋृणको हिस्सा छ । त्यसमाथि वाह्रय ऋृण भार त्यसको आधामात्र छ । गत असार मसान्तसम्म आन्तरिक ऋृण ११ खर्ब २५ अर्ब र वाह्रय ऋृण ११ खर्ब ७० अर्ब थियो ।

सार्वजनिक ऋृण व्यवस्थापन कार्यालयका प्रवक्ता डिलाराम गिरी राजस्व अपेक्षित संकलन हुन नसक्दा सरकार ऋृण प्राप्तिमा बढी केन्द्रित हुनुपर्ने अवस्था रहेको बताउँछन् । 'अहिले त विकास निर्माणमात्र होइन, ऋृण तिर्न समेत नयाँ ऋृण लिनुपरेको छ,' उनी भन्छन्, 'यसले केही चाप बढाएको पक्कै हो ।'

वाह्रय ऋृण सहायतामा सञ्चालित आयोजनाका कामले गति लिँदा वाह्रय ऋृण प्राप्ति बढ्ने र त्यसले थप दायित्व सिर्जना नहुने हुँदा सकेसम्म पूँजीगत खर्च बढाउन सरकारले ध्यान केन्द्रित गर्नुपर्ने उनी बताउँछन् । यस वर्ष आन्तरिक ऋृण सीमा २ खर्ब ४० अर्ब रुपैयाँ हो । यो सीमासम्म भने सरकारले ऋृण उठाउने र वाह्रय ऋृण भने आयोजनाका प्रगतिमा बढी निर्भर हुने उनी बताउँछन् ।

ऋृण प्राप्ति ठूलो विषय नभए पनि त्यसलाई उत्पादनशील क्षेत्रमा लगाउनु सबैभन्दा ठूलो चुनौती रहेको उनको भनाइ छ । सरकारले चालु आव २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ वाह्रय ऋृण लिने लक्ष्य राखेको छ । यसलाई मध्यावधिक समीक्षा मार्फत सरकारले १ खर्ब ८० अर्ब ६७ लाखमात्र प्राप्ति हुन सक्ने अनुमान गरेको छ ।

तर, आठ महिनामा आएको वाह्रय ऋृणले लक्ष्य प्राप्ति लक्ष्यभन्दा धेरै टाढा रहने देखिएको छ । फागुन मसान्तसम्म ५५ अर्ब ५५ करोड रुपैयाँ वाह्रय ऋृण प्राप्ति भएको छ । अर्थ मन्त्रालयले भने वाह्रय स्रोतबाट सञ्चालित आयोजनाले गति लिइरहेको र सोधभर्ना रकम समेत बढ्ने भएकाले आगामी दिनमा वाह्रय ऋृण प्राप्ति बढ्ने दाबी गर्दै आएको छ ।

**ऋृण तिर्दै सकियो सवा १ खर्ब**

सरकारले यस वर्ष ऋृण तिर्नमात्र सवा १ खर्ब रुपैयाँ खर्च गर्नुपरेको छ । जसले गर्दा विकास निर्माणमा खर्च हुनुपर्ने ठूलो बजेट ऋृण तिर्न खर्च गर्नुपरेको अवस्था छ । फागुन मसान्तसम्म १ खर्ब २६ अर्ब ३ करोड साँवा भुक्तानीमा खर्च भएको छ । कार्यालयको तथ्यांक अनुसार आन्तरिक ऋृणको साँवा भुक्तानीमा मात्र १ खर्ब २ अर्ब र वाह्रय ऋृणको साँवा भुक्तानीमा २३ अर्ब ६ करोड रुपैयाँ खर्च भएको छ । जसमा ब्याज भुक्तानीको रकम जोडिएको छैन ।

**ब्याज तिर्दा सकियो झन्डै ५० अर्ब**

फागुन मसान्तसम्म सरकारले सार्वजनिक ऋृणको ब्याज भुक्तानीमा मात्र ४९ अर्ब ४६ करोड रुपैयाँ खर्च गरेको छ । यस वर्ष आठ महिनामा आन्तरिक ऋृणको ब्याज भुक्तानीमा ४३ अर्ब ६७ करोड खर्च भएको छ । वाह्रय ऋृणको ब्याज भुक्तानीमा ५ अर्ब ७९ करोड रुपैयाँ खर्च भएको छ । आठ महिनामा साँवा र ब्याज भुक्तानीमा मात्र १ खर्ब ७५ अर्ब ४९ करोड खर्च भएको कार्यालयको तथ्यांकमा छ ।

**प्रतिव्यक्ति ऋृण हिस्सा ८१ हजार ८८९ रुपैयाँ**

सार्वजनिक ऋृण हिस्सा प्रतिव्यक्ति भाग लगाउँदा ८१ हजार ८ सय ८९ रुपैयाँ पुगेको छ । अघिल्लो महिना (माघ) सम्म प्रतिव्यक्ति ऋृणे हिस्सा ८१ हजार ८ सय ३७ थियो ।

(स्रोत:अनलाइखबर)

# आईपीओ पर्खाइमा ३५ कम्पनी, नयाँ अध्यक्ष आएपछि मात्रै स्वीकृत हुने

काठमाडौं/नेपाल धितोपत्र बोर्डमा प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) स्वीकृतिका लागि ३५ कम्पनी कुरेर बसेका छन् ।

बोर्ड कार्यकारी प्रमुख (अध्यक्ष) नहुँदा लामो समयदेखि धेरै कम्पनीले आईपीओ स्वीकृति पाएका छैनन् । तर, बोर्डमा आईपीओ स्वीकृतिका लागि आवेदन दिने क्रम भने जारी छ ।

बोर्डका अनुसार हाल ३५ कम्पनी आईपीओ निष्कासनका लागि पाइपलाइनमा छन् । त्यस्ता कम्पनीमा डिस मिडिया नेटवर्क, ह्याम्स हस्पिटल, मारुती सिमेन्ट, कान्तिपुर टीभी, आईएमई, जगदम्बा स्टिल लगायत छन् ।

पाइपलाइनमा हाइड्रोपावर क्षेत्रका कम्पनी अधिक छन् । उत्पादन तथा प्रशोधन क्षेत्रका ५ कम्पनी, अन्य समूहका ९ कम्पनी, हाइड्रोपावर समूहका १७, होटल तथा पर्यटन समूहका २, लगानी समूहको १ र माइक्रोफाइनान्स समूहको १ कम्पनी छन् । यीमध्ये चार कम्पनीले आवश्यक कागजात समेत नबुझाएकाले थप कागजात माग गरिएको छ । त्यस्तै १६ कम्पनीले बोर्डले सोधेका जवाफ तथा आवश्यक कागजात बुझाइसकेका र अध्ययन क्रममा छन् ।

नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया चलिरहेकाले अहिले पाइपलाइनमा भएका कम्पनीलाई आईपीओ स्वीकृति नदिइएको बोर्डका एक अधिकारीले बताए ।

'कतिपय कम्पनीले आवश्यक प्रक्रिया नै पुऱ्याएका छैनन्, ती कम्पनीसँग जवाफ माग गरि सकेका छौं,' ती अधिकारीले संचार कर्मीसँग भने, 'बाँकी केहीले प्रक्रिया पूरा गरे पनि कार्यकारी अध्यक्ष नियुक्त भएर आइसकेपछि मात्रै स्वीकृति दिन उपयुक्त हुन्छ भनेर रोकिएको हो ।'

आईपीओका लागि आवेदन दिएका कम्पनीमध्ये पाँचले 'प्रिमियम' थपेर निष्कासन अनुमति मागेका छन् । कुल ११ अर्ब ४७ करोड ८७ लाख ५३ हजार ७ सय रुपैयाँको ७ करोड ४६ लाख ४७ हजार ५ सय ३७ कित्ता सेयर अनुमति पर्खाइमा छ ।

प्रिमियममा आईपीओ जारी गर्न स्वीकृति माग गरेका कम्पनीमा जगदम्बा स्टिल, सौर्य सिमेन्ट, मारुती सिमेन्ट, ह्याम्स हस्पिटल र रिलायन्स स्पिनिङ मिल्स (बुक बिल्डिङ) छन् ।

जगदम्बा स्टिलले प्रतिकित्ता ३ सय, मारुती सिमेन्ट ३ सय ७७, सौर्य सिमेन्ट २६४.५१, ह्याम्स हस्पिटल २ सय ८८ र रिलायन्स स्पिनिङले ८२०.८० रुपैयाँका दरले सेयर जारी गर्न अनुमति माग गरेका हुन् ।

यीमध्ये रिलायन्सको बुक बिल्डिङ विधिबाट योग्य संस्थागत लगानीकर्ताले ९ सय १२ रुपैयाँका दरले खरिद गरिसकेका छन् । त्यसको १० प्रतिशत न्यून मूल्यमा सर्वसाधारणका लागि जारी गर्न सक्ने व्यवस्था अनुसार ८२०.८० रुपैयाँका दरले निष्कासन अनुमति माग गर्दै आवेदन दिएको हो ।

(स्रोत:अनलाइखबर)

# घर छाडेका नागरिक साढे ४४ लाख, २२ लाख विदेशमा

काठमाडौं/नेपालमा घर छाडेका नागरिकको जनसंख्या साढे ४४ लाख जना रहेको देखिएको छ । जनमध्ये २२ लाख नेपाली विदेशमा रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

कार्यालयले आइतबार सार्वजनिक गरेको तथ्यांक अनुसार घरमा अनुपस्थिति जनसंख्या ४४ लाख ५७ हजार ८२८ जना रहेको देखिन्छ । यो कुल जनसंख्याको १५.३ प्रतिशत हो ।

सहरभन्दा ग्रामिण भेगबाट धेरै नेपालीले घर छाडेको तथ्यांकमा देखिन्छ । घर छाडेको जनसंख्यामध्ये २२ लाख ६७ हजार २३६ जना मुलुकभित्रै एक स्थानबाट अर्को स्थानमा लामो समय बसिरहेको देखिएको छ । २१ लाख ९० हजार ५९२ जना नेपाली भने विदेशमा रहेको तथ्यांक छ ।

कार्यालयले २०७८ सालको जनगणनाका थप तथ्यांकहरु आइतबार सार्वजनिक गरेको हो । तथ्यांक अनुसार सबैभन्दा धेरै हिमाली र पहाडी भेगबाट घर छाड्नेहरु देखिन्छन् ।

तराईबाट ११ प्रतिशतले घर छाड्दा हिमालबाट २१.६ र पहाडबाट २०.३ प्रतिशत घरमा ६ महिना भन्दा लामो समय नबसेको देखिएको छ । घर छाड्नेमा पुरुषको जनसंख्या महिलाको तुलनामा धेरै देखिन्छ । विदेश जानेको संख्या अघिल्ला जनगणनाहरुको तुलनामा क्रमश: बढ्दै गएको समेत देखिएको छ ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वृद्धाश्रममा मनाइयो स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/साना किसान कृषि सहकारी संस्था लिमिटेडले आफ्नो १४ औं स्थापना दिवस विशेष अवसरमा वृद्धाश्रमका आश्रितलाई भोजन गराएर मनाएको छ ।



सहकारीले हेटौंडा-१५ रातोमाटेस्थित दिव्य सेवा निकेतन (जेष्ठ नागरिक आश्रयस्थल)मा गई त्यहाँ आश्रित ३० जना वृद्ध/वृद्धालाई पूरा दिनभरको भोजन आयोजना गरेको हो । कार्यक्रममा सहकारीकी अध्यक्ष रेखा खतिवडाले वृद्धहरुको हेरचाहलाई नजिकबाट नियालेर आफूहरुले घरका अभिभावकलाई अझ बढी माया र सम्मान दिनुपर्ने मानसिकता बनाउन यस्तो कार्यक्रम आयोजना गरिएको बताए । विगतमा पनि सहकारीले स्थापना दिवसमा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम गर्दै आएको छ ।

आश्रयस्थलका केन्द्रीय अध्यक्ष तेजराम निरौलाले आश्रममा नै उत्पादित अर्गानिक खाद्यान्न जस्तै तरकारी, दूध, दही लगायत आश्रितलाई खुवाइने बताउँदै सेवा र सहयोगको धारणा जनमानसमा बढ्दो क्रम देखिएकोमा खुशी व्यक्त गरे । हेटौंडा-१८ हर्नामाडीमा रहेको सहकारीमा ९९८ जना महिला सदस्य आवद्ध छन् । २०५ वटा समूह छ ।

सहकारीमा १३४२ जनाले नियमित बचत गर्दै आएका छन् । सहकारीको शेयर पुँजी १ करोड २ लाख २३ हजार, जगेडा कोष १ करोड ४४ लाख ४८ हजार ८७५, निक्षेप संकलन ५ करोड २५ लाख २ हजार ३७७ र १९ लाख नाफा रहेको सहकारी व्यवस्थापक माधव पुडासैनीले जानकारी दिए । सहकारीले मल बिक्री वितरण, दुध संकलन, कृषि औजार वितरण, धान पकेट कार्यक्रम, अदुवा पकेट कार्यक्रमलगायतका सेवाहरु संचालन गर्दै आएको छ ।

# एक सय ८३ जनाले लिए स्वास्थ्यसेवा




साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ मकवानपुरगढी गाउँपालिका-५ स्थित आमभञ्ज्याङ स्वास्थ्यचौकीमा भएको नि:शुल्क स्त्रीरोग सम्बन्धी स्वास्थ्य शिविर आइतबार भएको छ ।

गाउँपालिकाको आयोजना तथा नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाको प्राविधिक सहयोगमा एक दिने स्वास्थ्य शिविर सञ्चालन भएको हो । शिविरमा १८३ जनाले स्वास्थ्य परीक्षण गरेका छन् । जसमध्ये १३३ जनाको पाठेघर मुखको क्यान्सर परीक्षण गर्दा तीन जनामा उच्चजोखिम रहेको पाइएको स्वास्थ्यचौकी ईन्चार्ज सन्देश घिमिरेले बताए । स्त्रीरोग विशेषज्ञ डा. विदुर भण्डारीको टोलीले शिविरमा स्वास्थ्यपरीक्षण गरेको हो ।

शिविरमा आङ् खस्ने समस्या रहेको ६ जनालाई रिङप्रेसरी राखिएको छ । हामीले रेक्टोशील र सिक्टोशीलका विरामी एक/एक जना पत्ता लगाइ थपउपचार समेत गरेका छौं, ईन्चार्ज घिमिरेले बताए । शिविरबाट पाठेघरको मुखमा पिलिप (मासु पलाएको) पत्ता लगाई ५ जनालाई आवश्यक थपउपचार गरिएको उनले बताए ।

शिविरमा लामो अवधिको परिवार नियोजनको साधन ६ जनाले प्रयोग गरेका छन् । शिविरमा नेपाल परिवार नियोजन संघका व्यवस्थापक ममता श्रेष्ठ, स्वास्थ्यकर्मी महेश पाण्डे, सिर्जना रिमाल, सुशीला घिमिरे, गायत्री सापकोटा लगायत स्वास्थ्यचौकीमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।

# बालिकालाई ठक्कर दिएर भाग्ने स्कुटर चालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/हेटौंडा उपमहानगरपालिका-५, स्थित पिप्लेमा बालिकालाई ठक्कर दिएर फरार रहेका स्कुटर चालकलाई प्रहरीले पक्राउ गरेको छ ।



बालिकालाई स्कुटरले ठक्कर दिई फरार भएका हेटौंडा-५ पिप्ले बस्ने २३ वर्षीय सागर पुडासैनीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । स्कुटरको ठक्करबाट बालिका गम्भीर घाइते छिन् । उनको भरतपुरमा उपचार भइरहेको मकवानपुर प्रहरीले उल्लेख गरेको छ । मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीका अनुसार, गत फागुन २५ गते पुडासैनीले चलाएको ग ८ प ४१५२ नम्बरको स्कुटरले पिप्लेस्थित हाम्रो पाठशाला छात्राबास छेउमा स्थानीय ७ वर्षीया बिनिषा पुडासैनीलाई ठक्कर दिएको थियो ।

तत्कालीन अवस्थामा ठक्कर दिने सवारी नखुलेपछि प्रहरीले विशेष अनुसन्धान टोली गठन गरी सिसिटिभी फुटेज, घटनास्थल वर परका व्यक्तिसँग सोधपुछ गर्ने क्रममा सागरले चलाएको स्कुटरले ठक्कर दिएको खुल्न आएको डिएसपी भण्डारीले बताए । ठक्कर दिने युवकलाई स्कुटरसहित शनिबार नियन्त्रणमा लिई 'सवारी दुर्घटनाबाट मानिस अंगभंग' शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान थालिएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

दुर्घटनापश्चात टाउको तथा शरीरको विभिन्न भागमा चोट लागेर गम्भिर घाइते भएकी ती बालिकालाई उपचारको लागि हेटौंडा अस्पतालमा लगिएको थियो । उनको त्यहाँ उपचार सम्भवन नभएपछि थप उपचारको लागि चितवनको पुरानो मेडिकल कलेजमा लगिएको डिएसपी भण्डारीले जनाए ।

# दीपक मनाङ्लेले त्यागे एकीकृत समाजवादी, रोचक मोडमा गण्डकीको राजनीति

काठमाडौं, ४ चैत/ गण्डकी प्रदेशसभा सदस्य दीपक मनाङ्लेले एकीकृत समाजवादी त्यागेको घोषणा गरेपछि गण्डकीको राजनीति रोचक मोडमा पुगेको छ ।

४ मंसिर २०७९ को प्रदेशसभा चुनावमा मनाङबाट स्वतन्त्र हैसियतमा जितेका मनाङ्ले त्यसको १५ दिनपछि १९ मंसिरमा एकीकृत समाजवादी प्रवेश गरेका थिए । तर अहिले सत्ता समीकरणका कारण गण्डकीमा सरकार बनाउने र टिकाउने खेल सुरु भएका बेला उनले एकीकृत समाजवादी त्यागेको घोषणा गरेका हुन् ।

आइतबार मनाङ्लेले आफूले एकीकृत समाजवादी पार्टी परित्याग गरेको भन्दै गण्डकी प्रदेशसभा सचिवालयमा पत्र दिएका छन् । 'एकीकृत समाजवादीमा प्रवेश गरेपछि त्यही दलको सदस्यका रुपमा संसदमा जानकारी आएको थियो र त्यहीरुपमा सूचीकृत गराइएको थियो । तर, अहिले उहाँले दल त्यागेर स्वतन्त्र नै रहेको जानकारी गराउनुभएको छ', प्रदेशसभा सचिवालयका सचिव हरिराज पोखरेलले भने ।

मनाङ्लेले आफूले स्वतन्त्र हैसियतमा चुनाव जितेकाले स्वतन्त्र नै रहने भन्दै पत्र दिएपछि प्रदेशसभा सचिवालय परामर्शमा जुटेको छ । 'स्वतन्त्र रुपमा जितेकाले दलको ह्वीप लाग्छ कि लाग्दैन र पदबारे अगाडिको प्रक्रिया के हुन्छ भन्नेबारे उक्त पार्टीले पनि निर्णय लिन्छ होला र हामी पनि कानुनी परामर्शमै छौं', सचिव पोखरेलले भने ।

प्रदेशसभा सदस्य मनाङ्ले गण्डकीमा अप्ठेरो अवस्था देखिएकाले मध्यावधि चुनावमा जान सक्ने अवस्था रोक्न आफूले स्वतन्त्र रहने निर्णय गरेको बताएका छन् ।

२१ फागुनमा एमाले-कांग्रेससहितको गठबन्धन बनेपछि गण्डकीमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे विश्वासको मत लिनुपर्ने अवस्थामा छन् । कांग्रेसबाट निर्वाचित पाण्डेले २२ फागुनमै माओवादी केन्द्रका मन्त्री बर्खास्त गरे भने माओवादीले पनि समर्थन फिर्ता लिएको छ । ६० सदस्यीय गण्डकी प्रदेश सभामा कांग्रेसको २७, एमालेको २२, माओवादी केन्द्रको सभामुखसहित ८, राप्रपाको २ र दीपक मनाङ्ले छन् । यो स्थितिमा मुख्यमन्त्रीले विश्वासको मत पाउने अवस्था छैन भने एमाले-माओवादीले पनि सरकार बनाउन सक्ने अवस्था छैन ।

गण्डकीमा अहिलेसम्म राप्रपा निर्णायक देखिएको छ । तर, मनाङ्ले पनि स्वतन्त्र बसिदिँदा अहिलेको सत्ता समीकरणको सजिलै सरकार बन्ने स्थिति नदेखिएको हो ।

माओवादी सांसदको रुपमा गणना भएका फणीन्द्र देवकोटा पनि नेपाल समाजवादी पार्टीका नेता हुन् । उनी माओवादी चुनाव चिह्नबाट निर्वाचित भएका थिए । उनलाई पनि नेपाल समाजवादी पार्टीको सांसद कायम गराइदिन अध्यक्ष बाबुराम भट्टराई निर्वाचन आयोगमा पत्र लेखेका छन् ।

संघीय सांसद महिन्द्र राय यादव, बागमतीका सांसद गंगानारायण श्रेष्ठले माओवादीसँग एकता गर्ने निर्णय गरे पनि फणीन्द्र भने अहिले पनि बाबुरामकै साथमा छन् ।

शनिबारमात्र काठमाडौंमा भएको कार्यक्रममा पनि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र बाबुरामबीच सत्ता समीकरणबारे पनि छलफल भएको थियो । २७ सांसदसहित कांग्रेस नेतृत्वमै सरकार कायम राख्न पाण्डेले राप्रपालाई पनि फकाइरहेका छन् । राप्रपाका २ सांसदसहित मनाङ्ले र फणीन्द्र पनि पाण्डेकै पक्षमा उभिने स्थिति बनाउन मुख्यमन्त्री पाण्डेले कसरत गरिरहेका छन् ।

स्रोतका अनुसार कांग्रेस सभापति शेरबहादुर देउवालाई मुख्यमन्त्री पाण्डे र गण्डकीका सभापति शुक्रराज शर्माले पनि गण्डकी प्रदेश सरकार कांग्रेसकै बनाउन सकिने ब्रिफ्रिङ गरेका थिए । राप्रपा संसदीय दलका नेता पञ्चराम तमुले अहिले सरकारमा नजाने पार्टीको नीति रहेको तर आवश्यकताका आधारमा सरकार निर्माणका क्रममा समर्थन गर्न सकिने बताएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# जिल्लास्तरीय ब्याटमिन्टन प्रतियोगिताको तयारी



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ हेटौंडामा आगामी ९-१० चैतमा मकवानपुर जिल्लास्तरीय ब्याटमिन्टन प्रतियोगिताको तयारी गरिएको छ ।

मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा २ दिने ब्याडमिन्टन प्रतियोगिता हुन लागेको आइतबार पत्रकार सम्मेलन गरेर आयोजकले जानकारी दिएको छ । जिल्लामा स्थायी घर भएका खेलाडी र मकवानपुर जिल्लालाई कार्यक्षेत्र विभिन्न पेशा व्यवसाय जागिर गरी बसेका खेलाडी मात्र सहभागी हुन पाउने मकवानपुर जिल्ला ब्याडमिन्टन संघका वरिष्ठ उपाध्यक्ष विजयसिंह ठकुरीले जानकारी दिए ।

प्रतियोगितामा थाहा नगरपालिका, कैलाश गाँउपालिका, बागमती गाउपालिका, राक्सिराङ गाँउपालिका, इन्द्रसरोवर गाँउपालिकाबाट खेलाडी सहभागी हुने जनाइएको छ । खेलाडीलाई खाना र वस्नको सुविधा रहेको उपाध्यक्ष ठकुरीले बताए ।

प्रतियोगितामा प्रथम हुनेले नगद २० हजार र दोस्रो हुनेले १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने २० वर्ष मुनीका उदियमन खेलाडीलाई वर्ष २०८० बाट सम्मान गरिने भएको छ । दुईजनालाई वेष्ट प्लेयरसमेत घोषणा गरी ५-५ हजार रुपैयाँ नगदसहित, ट्रफी र प्रमाणपत्र दिइने ठकुरीले बताए ।

# ७६ प्रतिशत राजश्व संकलन



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/चालू आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म आन्तरिक राजस्व कार्यालय, हेटौंडाले लक्ष्यको झण्डै ७६ प्रतिशत राजस्व संकलन गरेको छ ।

कार्यालयको चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको कुल राजस्व संकलन लक्ष्य पाँच अर्ब ३५ करोड ९६ लाख तीन हजार रुपैयाँ रहेकोमा गत साउनदेखि फागुन मसान्तसम्ममा ७५.८२ प्रतिशत अर्थात् चार अर्ब छ करोड ३८ लाख ६६ हजार रुपैयाँ राजस्व संकलन गरेको हो । कार्यालयको फागुन महिनाको मात्र ६३ करोड ९८ लाख २० हजार राजस्व संकलनको लक्ष्य रहेकोमा एक महिनामा लक्ष्यको ९०.०१ प्रतिशत अर्थात् ५९ करोड ५१ लाख २८ हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ ।

कार्यालयले चालु आर्थिक वर्षको पहिलो छ महिना अर्थात् पुस मसान्तसम्म दुई अर्ब ९१ करोड ११ लाख ७६ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो । राजस्व कार्यालयले आयकर, घरबहाल कर, ब्याज कर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र स्वास्थ्य सेवा कर शीर्षकमा राजस्व संकलन गर्दै आएको छ । कार्यालयले गत फागुनमा आयकर, ब्याजकर र मूल्य अभिवृद्धि करमा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको थियो ।

## नेपालमा अपांगता जनसंख्या साढे ६ लाख

काठमाडौं, ४ चैत/ नेपालमा अपांगता भएको जनसंख्या साढे ६ लाख रहेको देखिएको छ । २०७८ सालको जनगणनाले यस्तो देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले आइतबार सार्वजनिक गरेको विवरण अनुसार नेपालमा ६ लाख ४७ हजार ७४४ जनामा अपांगता देखिएको छ । यो कुल जनसंख्याको २.२ प्रतिशत हिस्सा हो । नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ जना रहेको छ । अपांगताको ठूलो हिस्सा गण्डकी प्रदेशमा देखिन्छ । जहाँ जनसंख्याको २.९ प्रतिशतमा अपांगता रहेको छ ।

अपांगतालाई शारीरिक, न्यून दृष्टियुक्त, पूर्ण दृष्टियुक्त, बहिरोपन, सुस्तश्रवण, श्रवण दृष्टिविहीन गरी वर्गिकरण गरिएको छ ।

यसै गरी स्वर र बोलाइ, मानसिक वा मनोसामाजिक, बौद्धिक अपांगता, अनुवंशीय रक्तश्राव, अटिजम र बहुअपांगता भनी वर्गीकरण गरिएको छ । शारीरिक अपांगता पुरुषमा बढी देखिएको छ । न्यून दृष्टियुक्त समस्या महिलामा बढी देखिन्छ ।

## महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि. आयोजनाको क्षमता अभिबृद्धिको लागि

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(प्रकाशित मिति २०८०/१२/०५)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप-महानगरपालिकामा महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.**<br>हेटौंडा उप-महानगरपालिका-०८, हेटौंडा औधोगिक क्षेत्र<br>फोन: ९८६०३१८४५१ |
| प्रस्तावको व्यहोरा | वार्षिक ९९०० MTLaundry soap, ४५०० MTToilet Soap, उत्पादन भइरहेको र थप ३६०० MTDetergent Powder र २४०० MTDetergent Cake उत्पादन गर्ने उद्देश्यले उद्योगको क्षमता अभिबृद्धि गर्न लागिएको |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा. | हेटौंडा उप-महानगरपालिका-०८, हेटौंडा औधोगिक क्षेत्र |
| कित्ता नं | - |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा.तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| हेटौडा उप-महानगरपालिका-०८, को कार्यालय | |
| प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं | |
| प्रस्तावकको नामर ठेगाना | **महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.**<br>हेटौडा उप-महानगरपालिका-०८, हेटौडा औधोगिक क्षेत्र<br>फोन: ९८६०३१८४५१ |
| परामर्शदाताको नाम र ठेगाना | इलिसियन कन्सल्टिङ सर्भिसेस प्रा.लि.<br>मैत्रिनगर, किर्तिपुर-२, काठमाडौं<br>फोन: ९८६९६३२८१९ |

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना